# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।३१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सप्तरी, डाक्नेश्वरी नगरपालिका कार्यालयले नगरपालिकाको सम्पूर्ण वडामा विजुलीको पोलमा उच्चस्तरीय पोल लाईट जडान कार्यको लागि नगरपालिकाबाट आर्थिक वर्ष २०७८/०७९ मा बजेट विनियोजन भई सो जडान कार्यको लागि ठेक्का दिएकोमा कमसल किसिमको स्टेट लाईट खरिद तथा जडान गरी फर्जी बिल भरपाई बनाई नगरपालिकामा पेश गरी विनियोजित पूरै रकम असार मसान्तमा नै भुक्तानी लिई दिई हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा डाक्नेश्वरी नगरपालिकाले आ.ब. २०७८/०७९ मा नगरका सम्पूर्ण वडाहरूमा १४८ थान Led Street Light जडान सम्वन्धी रु.४८,२४,८७४।– कबोल अंक भएको खरिद प्रक्रियामा प्रचलित सार्वजनिक खरिद ऐन, नियम र कार्यविधि विपरीत ठेकेदारसँगको बदनियतपूर्ण मिलेमतोमा आफूहरुलाई गैरकानूनी लाभ र डाक्नेश्वरी नगरपालिकालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन बमोजिम फिल्डमा नभए नगरेका कामहरूको समेत मूल्याङ्कन गरी गराई गलत कार्य सम्पन्न प्रतिवेदन तयार गरी रू.३,९२,२००।– निर्माण ब्यवसायीलाई भुक्तानी भएको र Supply and delivery of Led Street Light per Technical Specification को लागत अनुमान तयार गर्दा पुष्ट्याईको आधार तथा बिना नर्म्स अस्वभाविक मूल्य राखी लागत अनुमान तयार गरेको र बजार मूल्यभन्दा बढी मूल्य राखी भुक्तानी भएको रू.२१,१२,३३०।०० समेत गरी जम्मा रू.२५,०४,५३०।- सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको पुष्टि भएको हुँदा सो कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिमको कसूरमा सजायको मागदावी लिई आज विशेष अदालत,काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | डाक्नेश्वरी नगरपालिका, सप्तरीका **प्रमुख प्रशासकीय अधिकृत रामकिसुन यादव** | रु.२५,०४,५३०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय देहाय (क), (ग), (ङ) र (ञ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र उल्लिखित विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम उल्लिखित बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| २. | डाक्नेश्वरी नगरपालिका, | रु.२५,०४,५३०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा |

| | | | |
|---|---|---|---|
| | सप्तरीका **ईन्जिनियर कुलानन्द बिराजी, ईन्जिनियर रामाकान्त चौधरी र सवईन्जिनियर संजय कुमार यादव** | | (१) को देहाय देहाय (क), (ग), (ङ) र (ञ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र उल्लिखित विगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम उल्लिखित बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९(२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | डाक्नेश्वरी नगरपालिका, सप्तरीमा योजना शाखामा कार्यरत **शाखा अधिकृत विनोद कुमार ठाकुर, लेखापाल अनिता परियार र योजना शाखामा कार्यरत सहायकस्तर पाँचौं निकिता चौधरी** | रु.३,९२,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८(१) बमोजिम बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी बिगो समेत असूल उपर हुन मागदावी लिइएको छ। |
| ४. | **जि.एस. निर्माण सेवा र उक्त निर्माण सेवाका प्रोपराइटर बिजय कुमार यादव** | रु.२५,०४,५३०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल